**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर नेपाल**

शुभकामना

५९ औं अन्तर्राष्ट्रिय जातीय विभेद तथा रंगभेद उन्मूलन दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सबै किसिमका जातीय भेदभाव उन्मूलन अन्तर्राष्ट्रिय महासन्धी १९६५ को पक्ष राष्ट्रको रुपमा नेपालले सन् १९७१ मा नै हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ । नेपालको संविधानले सबै जातजाती, भाषाभाषी, धर्म, वर्ग, समुदायको हक अधिकार सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको यस मर्मलाई आत्मसात् गर्दै जातीयलगायतका हरेक किसिमका विभेदलाई दण्डनीय अपराधको रुपमा व्याख्या गरी सजायको कानूनी व्यवस्था समेत गरिएको छ । तरपनि समाजमा विद्यमान विभेदकारी पुरातन सोच, अशिक्षा, आर्थिक असमानतालगायत कारणले अनेकौं विभेद अझै कायम रहेको हुँदा संविधानको पूर्ण कार्यान्वयन गर्दै यसको अन्त्य अहिलेको अपरिहार्यता हो ।

कोशी प्रदेश सरकारले मातहतका आफ्ना सम्पूर्ण कार्यालयबाट यी र यस्ता विभेद अन्त्य गरी प्रदेशभरिका १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचार, विपन्न गरिव वर्गका विद्यार्थीहरुलाई कानुन, चिकित्सा, व्यवस्थापन, विज्ञान, पशु तथा कृषि विज्ञानलगायतका विषयमा छात्रवृति, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहनका साथै सम्मानलगायतका कार्यक्रममार्फत मानवीय विकास गरी समतामूलक समाज निर्माणमा लागि परेको छ । समाजबाट हरेक किसिमका विभेद अन्त्यका लागि म प्रतिबद्ध भएर प्रदेश सरकारको कार्यक्रम अगाडि बढाइरहेकोले यसमा सबैलाई हातेमालो गरेर समानताको सिद्धान्तमा समतामूलक समाज निर्माणमा अघि बढ्न आह्वान गर्दछु ।

अन्तमा, ५९ औं अन्तर्राष्ट्रिय जातीय विभेद तथा रंगभेद उन्मूलन दिवसबाट रुढीवादी सोच, शैली, प्रथा र प्रचलनमा सकारात्मक परिवर्तनद्वारा जातीय लगायतका हरेक किसिमका भेदभावरहित समतामूलक, सभ्य, समुन्नत र समृद्ध प्रदेश र देश निर्माणमा अग्रसर हुन सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

मिति २०८० चैत ८ गते बिहीवार
नेपाल संवत् ११४४ चिल्लाथ्व द्वादशी

केदार कार्की
मुख्यमन्त्री